**कार्यपालिका बैठक संख्या :- १२४**
**बैठक मिति :- २०७९।०६।२८**
**अध्यक्षता :- नगर प्रमुख श्री हेमकर्ण पौडेल**

**निर्णय नं. १**

इटहरी उपमहानगरपालिका अन्तर्गत बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्नका निम्ती निम्नानुसारका कार्यविधि निर्देशिकाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

(क) स्वास्थ्य विमा सम्वन्धि कार्यविधि, २०७९
(ख) मातृशिशु पोषण सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७९
(ग) नसर्ने रोगको स्क्रिनिङ क्याम्प संचालन कार्यविधि, २०७९

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिका पशुपन्छी विकास शाखाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रममा "पशु चिकित्सा सेवा व्यवस्थापनका लागि प्रयोगशाला तथा तालिम हल सहितको भेटेरिनरी अस्पताल निर्माण" का लागि मितिः २०७९।०५।२६ मा निःशुल्क जग्गा उपलब्ध गराउने सम्वन्धि सूचना प्रकाशित भएता पनि कुनै पनि जग्गादाताको निवेदन नआएकोले इटहरी उपमहानगरपालिका वडा नं. ८ कोशी राजमार्गसँग जोडिएको तत्कालिन जिल्ला पशु सेवा कार्यालय अन्तर्गत पशु सेवा केन्द्रको भवनले कि.नं. ११४८ मध्ये उत्तर तर्फबाट चर्चेको ०-०-१९ (१९ धुर) जग्गामा निर्माण कार्यको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

(क) इटहरी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा करार विगतदेखि कामकाज गरि आएका करारमा कार्यरत कर्मचारीहरुको "अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारी लाई दिईने सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८" बमोजिम देहायका कर्मचारीहरुको कार्य सम्पादन स्तरको मुल्यांकन अनुसार मापदण्ड पुरा भएको हुँदा २०७९ साउन १ गतेदेखि २०८० असार मसान्तसम्म १ (एक) वर्षका लागि म्याद थप गरी तपसिलमा उल्लेखित कर्मचारीहरुको सम्झौता गरि कामकाज लगाउने निर्णय गरियो ।

**देहाय**

| क्र.सं. | पद | तह | सेवा | नाम थर | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्षयरोग मुक्त अभियान संयोजक | अधिकृतस्तर सातौं | करार | पुरुषोत्तम निरौला | |
| २ | क्षयरोग अनुगमन मुल्यांकन संयोजक | सहायक पाचौं | करार | सुनिता गिरी | |
| ३ | कम्प्युटर अपरेटर | सहायक पाचौं | करार | निराजन पाण्डे | |

| | | | | |
|---|---|---|---|---|
| ४ | ल्याव असिस्टेन्ट | सहायक चौथौ | करार | अनिषा प्रधान |

(ख) यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिका कार्यालय र अन्तरर्गतका कार्यालयमा हालसम्म कार्यरत मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई आ.ब. २०७९।०८० को स्वीकृत दररेट अनुसारको सेवा सुविधा तथा हाजिरा पाउने गरी मिति २०८० असार मसान्तसम्म कामकाज लगाउने निर्णय गरियो ।

| क्र. सं. | पद | ज्यालादारी | नाम थर | कैफियत |
|---|---|---|---|---|
| १ | हलुका सवारी चालक | मासिक | खगेन्द्र पौडेल | |
| २ | हलुका सवारी चालक | मासिक | कृष्ण चौधरी | |
| ३ | कार्यालय सहयोगी | दैनिक | राम कुमार गिरी | |
| ४ | कार्यालय सहयोगी | दैनिक | प्रमोद मरिक | |
| ५ | कार्यालय सहयोगी | दैनिक | बिमला खत्री | |
| ६ | कार्यालय सहयोगी | दैनिक | गिता भण्डारी | |
| ७ | नर्सरी नाइके (माली) | दैनिक | दुर्गा आचार्य | |
| ८ | चौकीदार | दैनिक | विरेन्द्र चौधरी | |
| ९ | चौकीदार | दैनिक | राजन गडतौला | |
| १० | कार्यालय सहयोगी | दैनिक | धनमाया तामाङ | |
| ११ | कार्यालय सहयोगी | दैनिक | महेश्वरी भुजेल | |
| १२ | कार्यालय सहयोगी | दैनिक | अनिता डोम | |

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिका क्षेत्रको विकासमा साझेदारी गर्न चाहाने निजि क्षेत्रको सहकार्यका निम्ति निजि सार्वजनिक साझेदारी कानून निर्माण गर्ने सो कानूनको मस्यौदा तयार गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

स्मार्ट पार्किङ (Smart Parking) निर्माणको लागि सम्भाव्यता अध्ययन (Feasibility Study) गर्न र गराउन एवं प्रतिवेदन पेश गर्न ५ सदस्य समिति तपशलि बमोजिम रहने निर्णय गरियो ।

देहाय

(क) संयोजक - श्री मान बहादुर बिश्वकर्मा (पूर्वाधार विकास समितिको अध्यक्ष)

(ख) सदस्य - श्री अर्जुन दाहाल (भौतिक पूर्वाधार विज्ञ)

(ग) सदस्य - श्री तेज नारायण चौधरी (१६ नं. वडाको वडाअध्यक्ष)

(घ) सदस्य - श्री राधिका पौडेली (कार्यपालिका सदस्य)

(ङ) सदस्य सचिव - श्री जीवन घिमिरे (ईन्जिनियर)

**निर्णय नं. ६**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्रका खोलाजन्य उत्खनन गर्ने र कवाडीको ठेक्का बन्दोबस्तीका लागि न्यूनतम अंक तोकी सूचना प्रकाशन गरिएकोमा कुनै पनि दरखास्त पेश हुन नआएको हुँदा यो भन्दा अगाडि तोकिएको अंकलाई १० प्रतिशत खटाई अन्तिम पटक बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामूदायिक विधालयहरुमा विद्युतीय हाजिरी, सिसिटिभि र एलसीडी मोनिटर जडान गर्ने निर्णय गरियो । उक्त कार्यको लागि प्राविधिकबाट लगत ईस्टिमेट बनाई पेश गर्ने र आवश्यक श्रोत अर्को कार्यपालिकाको बैठकमा किटान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्रको विकास निर्माण गर्दा प्रयोग हुने टायलको लागि स्थानियस्तरमा उत्पादन भएका टायलहरु प्राविधिक सिफारिस र ल्याव टेष्टबाट गुणस्तर कायम भएमा प्रयोग गर्न सक्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

इटहरी उपमहानगरपालिकाको योजना सञ्चालन नियमावली, २०७६ को परिच्छेदको दफा १४ को उपदफा ३ मा उल्लेखित उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने योजनाहरुको हकमा देहाय वमोजिमको योजनामा निम्न अनुसार लागत सहभागिता व्यहोर्ने गरी निर्णय गरियो ।

देहायः

| क्र.सं. | योजनाको किसिम | हालको सहाभागिता | सहभागिता जुट्न नसकेको अवस्थामा | विपन्न वर्ग (दलित, सुकुम्वासी सहित) |
|---|---|---|---|---|
| १. | सडक आर.सि.सि. ढलान, मर्मत कार्य | २०% | - | १०% |

| | | | | |
|---|---|---|---|---|
| २. | सडकमा टायल बिच्याउने | ४०% | - | १०% |
| ३. | सडक ग्राभेल र माटोको काम | २०% | - | १०% |
| ४. | पक्की ढल निकास तथा नाला | २०% | - | १०% |
| ५. | साना पुल तथा कल्भेट निर्माण | २०% | - | ५% |
| ६. | सामुदायिक भवन निर्माण | १०% | - | ५% |
| ७. | सडक कालोपत्रे | ४०% | ठेक्का प्रक्रियाबाट गर्ने | |
| ८. | कालोपत्रे मर्मत गर्ने कार्य | २०% | ठेक्का प्रक्रियाबाट गर्ने | |

उपरोक्त तोकिएको लागत सहभागिताको विषयमा जुनसुकै कुरा लेखिएको भएतापनि ग्रामिण भेगको आर्थिक अवस्था कमजोर भएको किसानहरुको हकमा र पहिला उपभोक्ता समितिले निर्माण गरेको योजनामा लागत सहभागिता जुटिसकेको भए पनि पुनः त्यस्ता निर्माण कार्यमा वडाको सिफारिको आधारमा उपभोक्ता सहभागिता न्यूनतम १०% सम्म लागत सहभागिता लिने सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

इटहरी उपमहानगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विधालय तथा मदरशाहरुको आ.व.२०७८।७९ को आन्तरिक लेखा परिक्षण नगर कार्यपालिकाको कार्यालयको आन्तरिक लेखा परिक्षण शाखाबाट मिति २०७९ पौष मसान्तसम्म गर्ने निर्णय गरियो साथै आन्तरिक लेखा परिक्षकको पारिश्रमिक सम्वन्धित विधालयले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

दीगो तथा सम्मानित रोजगारीका लागि सिप विकास परियोजना-II (Enhanced Skills for Sustainable and Rewarding Employment-II) मार्फत इटहरी उपमहानगरपालिका शिक्षा, युवा तथा खेलकुदन महाशाखाको आर्थिक वर्ष २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रमको क्रियाकलाप नं.२.७.८.२९ कार्यगत अभ्यास सहितको १० महिने (१६९६ घण्टे) तालिम सञ्चालनका लागि विनियोजित रकमबाट खर्च हुने गरी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT-L2 (1696hrs)) को स्वीकृत पाठ्यक्रम मध्येबाट चालु आर्थिक वर्षमा अभ्यास सहित १० महिने (१६९६ घण्टे) तालिम सञ्चालनका विषयहरु छनौट गर्ने अधिकारी नगर शिक्षा समितिलाई दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

आ.व. २०७८।७९ मा पूर्ववर्ति स्थानीय सरकारले बिभिन्न कार्यक्रम सञ्चालन गरे बापत पूर्वाञ्चालन साउण्ड टेन्ट एण्ड क्याटरिङ सेवाले पेश गरेको विल बमोजिमको खर्च रु ५,४८,०००।- मध्ये रु ४,००,०००।- (अक्षरेपी चार लाख रुपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

अपांगता रोकथाम र पुनर्स्थपनाका निम्ती इटहरी उपमहानगरपालिका र करुणा फाउण्डेसन नेपाल विच भएको कार्यक्रमको सम्झौता भंग गरी उक्त अपांगता रोकथाम र पुनर्स्थपना सम्वन्धि कार्यक्रम इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयले सञ्चालन गर्ने निर्णय गरियो । साथै सो सम्वन्धित कार्यक्रमहरु स्वास्थ्य महाशाखाका प्रमुखलाई अगामी बैठकमा पेश गर्ने जिम्मेबारी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

इटहरी उपमहानगरपालिकाको चालु आ.व. २०७९।८० को स्वीकृत बजेट निति कार्यक्रम अनुसारको योजनाको वर्गीकरण गरी ३ (तीन) दिनभित्रका नगर कार्यपालिकाको कार्यालयमा सवै वडा कार्यालयहरुले पठाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस वर्षको तिहार / दिपावलीको अवसरमा हाम्रो संस्कृती परम्परा अनुसारको देउसी भैलो कार्यक्रम तिहार / दिपावली अवधिभर मात्र रातको १०:३० बजेसम्म खेल्ने र अधिकतम् रु ५००/- (अक्षरेपी पाच सय रुपैयां) सम्म दान दक्षिणा लिने / दिने सम्वन्धित सबैमा अनुरोध गर्ने निर्णय गरियो ।